# छिमेक लघुवित्त विकास बैंक लिमिटेड

**मध्यबानेश्वर, काठमाण्डौ**

## ट्यावलेट खरिद गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४/०२/२१**

यस बैंकको ट्यावलेट बैंकिङ्ग सफ्टवेयर संचालनका लागि तपसिलमा उल्लेख भए अनुसार आवश्यक ट्यावलेट आपुर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

बोलपत्र नं :- IT/०१/७३/७४

**Delivery Of Tablet**

| S.No. | Particular | Qty. |
|---|---|---|
| 1. Hardware: | | |
| 1. | Delivery and Support of Tablet with attached Printer, Card Reader, Finger print scanner and Communication Interface | 208 Set |

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका सामानको लागि बोलपत्र खरिद गरि पेश गर्नु पर्नेछ । आफुले गर्न चाहेको कामको बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म काठमाण्डौ, मध्यबानेश्वर स्थित यस बैंकको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहुने गरी प्रति बोलपत्र रु.३,०००/- (अक्षरेपी तिन हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । बोलपत्र राखिएको खामको बाहिर शीरमा कुन कामको लागी शिलबन्दी बोलपत्र पेश गरिएको हो सोको विवरण समेत उल्लेख गरिएको हुनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७२/७३ कर चुक्ताको प्रमाणपत्र सहित आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय मध्यबानेश्वर, काठमाडौंमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउंसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस बैंकको नबिल बैंक लिमिटेड हेटौंडामा रहेको खाता नं. २३०१०१७५०००२९ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस बैंकको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र बैंकको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

७. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन बैंक बाध्य हुने छैन ।

८ यस सम्बन्धी थप जानकारी चाहिएमा छिमेक लघुवित्त विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय प्रशासन विभाग वा IT विभाग काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिन्छ । बोलपत्र सम्बन्धी यस बैंकको Website मा पनि हेर्न सकिन्छ ।